Soaltee Hotel Limited

★ ★ ★ ★ ★

२०७९ मंसिर २१
(०७ दिसम्बर २०२२)

श्री नेपाल स्टक एक्सचेन्ज लि.
सिंहदरवार प्लाजा,
काठमाडौं ।

श्री नेपाल धितोपत्र बोर्ड
खुमलटार, ल.पु. वडा नं. १५,
ललितपुर, नेपाल ।

श्री सि.डि.एस एण्ड क्लियरिङ लिमिटेड
शेयर मार्केट्स कमर्शियल कम्प्लेक्स
पुलतीसडक, काठमाण्डौं ।

विषय : ४८औं वार्षिक साधारण सभाको प्रयोजनार्थ शेयर दाखिल खारेज बन्द रहने सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा यस सोल्टी होटल लिमिटेड (कम्पनी) को मिति २०७९ आश्विन ३१ गते (१७ अक्टूबर २०२२) सोमबारका दिन बसेको यस कम्पनीको सञ्चालक समितिको २४१औं बैठकको निर्णय अनुसार यस कम्पनीको **४८औं वार्षिक साधारण सभा २०७९ साल पौष २८ गते तद्नुसार १२ जनवरी २०२३, विहिबारका दिन नेपाल प्रज्ञा भवन प्रेक्षालय, कमलादी, काठमाडौंमा दिनको ११ बजे** कम्पनीका शेयरधनीहरुको प्रत्यक्ष तथा भर्चुअल भिडियो कन्फेरेन्सको माध्यमबाट उपस्थितीमा बस्ने भएकोले सोका प्रयोजनको लागि मिति **बिहिवार, २०७९ पौष ७ गते देखि बिहिवार, २०७९ पौष २८** गते तदनुसार ई.स.२२ दिसम्बर २०२२ देखि १२ जनवरी २०२३ सम्म अगाडि र पछाडिको दुबै दिन समावेश हुने गरी **जम्मा २२ दिन**का लागि अर्थात ४८औं वार्षिक साधारण सभा सम्पन्न नभए सम्म **शेयरधनी दर्ता किताब** बन्द गर्ने सञ्चालक समितिको निर्णय भएको मिति २०७९ आश्विन ३१ (१७ अक्टूबर २०२२) को पत्र मार्फत ताहाँलाई जानकारी गराइसकेका छौं ।

साथै श्री सि.डि.एस एण्ड क्लियरिङ लिमिटेडबाट उपलब्ध गराईएको **Disclosure of Book Closure Information** फर्म्याट अनुसार जानकारी पत्र समेत यसै साथ संलग्न गरी पठाएको व्यहोरा अनुरोध छ ।

साथै बुक क्लोज सम्बन्धी सार्वजनिक सूचना मिति २०७९ कार्तिक १३ गते (३० अक्टूबर २०२२) को अभियान दैनिकीमा प्रकाशीत भइसकेको समेत जानकारी गराउदछौं । उक्त सूचनाको फोटोकपि यसै साथ संलग्न छ ।

स:धन्यवाद ।

भवदीय,

लिल बहादुर खत्री
कम्पनी सचिव

संलग्न कागजातहरु :

१ Disclosure of Book Closure Information form
२ प्रकाशित सूचनाको प्रतिलिपि

P O Box 3800, Tahachal, Kathmandu, Nepal, Telephone:- +977-1-4272567, 4273999, Fax: +977-1-4272201, 4272206 , E-mail: shl@soaltee.com.np
सोल्टी होटल लिमिटेड रजिष्टर्ड अफिस ताहाचल, काठमाडौं
कम्पनी दर्ता नं. ९६/०३२

Soaltee Hotel Limited

★ ★ ★ ★ ★

४८औं बार्षिक साधारण सभा सम्बन्धी संक्षिप्त जानकारी तथा

शेयर दाखिल खारेज बन्द रहने सूचना

यस सोल्टी होटल लिमिटेड (कम्पनी) को मिति २०७९ आश्विन ३१ गते तदनुसार १७ अक्टूबर २०२२ सोमवार बेलुका बसेको संचालक समितिको २४१औं बैठकबाट निर्णय भए बमोजिम कम्पनीको ४८औं बार्षिक साधारण सभा मिति **२०७९ साल पौष २८ गते** तदनुसार **१२ जनवरी २०२३, बिहिवार, बिहान ११:०० बजे नेपाल प्रज्ञा-प्रतिष्ठानको प्रज्ञा भवनको प्रेक्षालय, कमलादी, काठमाडौंमा** बस्ने निर्णय भएको यसै सूचनाबाट जानकारी गराउँदछौं ।

साथै, यस कम्पनीको ४८औं बार्षिक साधारण सभा सम्बन्धी छलफलका विषयसूची सहितको विस्तृत सूचना तथा कम्पनी ऐन २०६३ को दफा ८४ बमोजिम तयार पारिएको संक्षिप्त वार्षिक आर्थिक विवरणहरु शेयरधनी महानुभावहरुको जानकारीका लागि निर्धारित समयमा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिने व्यहोरा समेत अनुरोध छ ।

शेयर दाखिल खारेज बन्द रहने सूचना

कम्पनीको ४८औं बार्षिक साधारण सभाको प्रयोजनका लागि यस कम्पनीको शेयर लगत दर्ता किताब मिति **बिहिवार २०७९ पौष ७ गते देखि बिहिवार २०७९ पौष २८ गते** (२२ डिसेम्बर २०२२ देखि १२ जनवरी २०२३) सम्म अर्थात ४८औं वार्षिक साधारण सभा सम्पन्न नभए सम्म बन्द रहने व्यहोरा शेयरधनी महानुभाव तथा सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएकोछ ।

कम्पनी सचिव

सोल्टी होटल लिमिटेड